१६. नियम बनाउने अधिकारः– यो ऐनको उद्देश्य पूर्ति गर्न श्री ५ को सरकारले नियम बनाउन सक्नेछ ।

१७. वचाउः– यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमहरूमा लेखिएका कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

लालमोहर सदर मिति २०२३।५।२४।६

आज्ञाले–
प्रद्युम्नालाल राजभण्डारी
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर बिक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ :–

२०२३ सालको ऐन नं. १०

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अतिकीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा-दक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम सदा समरविजयिनाम् ।

घर जग्गा वहाल कर निर्धारण गरी असूल उपर गर्न बनेको ऐन

प्रस्तावनाः– प्रचलित नेपाल कानून बमोजिम लाग्ने घर जग्गा वहालको रकम निर्धारण गरी असूल उपर गर्ने कार्य प्रणाली व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाई बक्सेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यस ऐनको नाम "घर जग्गा वहाल कर ऐन, २०२३" रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्य भर लागू हुनेछ र नेपाल अधिराज्यभित्र घर जग्गा भई नेपाल अधिराज्य वा बाहिर वसोवास गर्ने व्यक्ति उपर पनि लागू हुनेछ ।

(३) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः–

(क) "घर जग्गा" भन्नाले घर वा सो घरले चर्चेको कम्पाउण्ड भित्रको प्रचलित नेपाल कानून बमोजिम मोहीको हक नलाग्ने जग्गा समेत सम्झनु पर्छ ।

(ख) कुनै घर जग्गाका सम्बन्धमा "घर जग्गा धनी" भन्नाले सो घर जग्गा उपर स्वामित्व हुने व्यक्तिलाई सम्झनु पर्छ र सो शब्दले देहायका अवस्थामा देहायका व्यक्तिलाई समेत जनाउँछः–

(क) भोग बन्धकीको रूपमा दिईएको घर जग्गाका सम्बन्धमा त्यस्तो भोग बन्धकी लिने व्यक्ति ।

(ख) साझेदारी, फर्म वा कुनै संगठित संस्थाको स्वामित्व भएको घर जग्गाका सम्बन्धमा–

(१) साझेदारीको भए सो साझेदारीका साझेदारहरू र तत्काल कायम रहेको प्रशासकीय प्रमुख,

(२) फर्म वा कुनै संगठित संस्थाको भए सो फर्म वा संगठित संस्थाको तत्काल कायम रहेको प्रशासकीय प्रमुख ।

(ग) माथि लेखिएबमोजिमको कुनै घर जग्गा धनीले हेरचाह वा संरक्षणको निमित्त अरूलाई दिएको घर जग्गाका हकमा सो बमोजिम हेरचाह वा संरक्षण गरूञ्जेल सो हेरचाह वा संरक्षण गर्ने व्यक्ति ।

(ग) "वहाल" भन्नाले नगद वा जिन्सीको रूपमा कुनै निश्चित रकम लिने गरी कुनै घर जग्गा धनीले आफ्नो कुनै घर जग्गा अरूलाई भोग चलन गर्न दिएको सम्झनु पर्छ ।

तर, सो शब्दले भोग बन्धकीको रूपमा गरिएको व्यवहारलाई जनाउने छैन ।

(घ) "कर" भन्नाले प्रचलित नेपाल कानून बमोजिम लाग्ने घर जग्गा वहाल कर सम्झनु पर्छ ।

(ङ) "करदाता" भन्नाले दफा ४ बमोजिम कर तिर्नुपर्ने कर्तव्य भएका व्यक्तिलाई सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) "कर अफिसर" भन्नाले यो ऐन बमोजिम कर अफिसरको काम गर्न श्री ५ को सरकारले कर अफिसरको रूपमा नियुक्त गरेको वा तोकिएको व्यक्तिलाई सम्झनु पर्छ ।

(छ) "आर्थिक वर्ष" भन्नाले श्री ५ को सरकारको आर्थिक वर्षलाई सम्झनु पर्छ ।

(ज) "तोकिएको वा तोकिए बमोजिमको" भन्नाले यो ऐन अन्तर्गत बनेका नियमहरूमा तोकिएको वा तोकिए बमोजिमको सम्झनु पर्छ ।

३. यो ऐन बमोजिम घर जग्गा वहाल कर निर्धारण गरी असूल उपर गर्नेः– साल वसाली वा कुनै एक सालको निमित्त कुनै ऐनले कर लगाउने व्यवस्था भएमा त्यस्तो कर यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरू बमोजिम निर्धारण गरी असूल उपर गरिने छ ।

४. कर बुझाउने दायित्वः– (१) कर बुझाउने दायित्व घर जग्गा धनी उपर रहनेछ ।

(२) कुनै घर जग्गाका सम्बन्धमा उप–दफा (१) बमोजिम कर बुझाउने दायित्व एकभन्दा बढी व्यक्ति उपर हुने रहेछ भने सो मध्ये कुनै व्यक्तिलाई पनि कर बुझाउन वाध्य गर्न सकिनेछ ।

(३) यो ऐन बमोजिम कर तिर्नु पर्ने व्यक्ति नावालक रहेछ भने निजले बुझाउन पर्ने कर निजको अभिभावकले तिर्नु पर्छ ।

५. विवरण दाखिल गर्नेः– (१) कसैले लिखत गरी वा नगरी कुनै घर जग्गा कसैलाई वहालमा दिएमा सो दिएको मितिले ३५ दिनभित्र त्यस्तो घर जग्गाको विवरण तथा ठेगाना र वहालमा लिने व्यक्तिको पूरा नाम तथा ठेगाना एवं वहाल वापत प्राप्त हुने रकम स्पष्ट खोली लिखित भए लिखतको नक्कल समेत संलग्न गरी सम्बन्धित कर अफिसरका समक्ष विवरण दाखिल गर्नु पर्छ ।

तरः– (क) त्यसरी वहाल दिए वापत यस ऐन वा अन्य कुनै प्रचलित नेपाल कानून बमोजिम कर बुझाउन नपर्ने अवस्था रहेछ भने यस उप–दफा बमोजिम-को विवरण दाखिल गर्नु पर्ने छैन ।

(ख) यो ऐन प्रारम्भ हुनु भन्दा अगावै वहालमा दिइसकेको कुनै घर जग्गाका सम्बन्धमा पहिले त्यस्तो विवरण दाखिल भै सकेको रहेछ भने यस उप–दफा बमोजिम विवरण दाखिल गर्नु पर्ने छैन ।

(ग) यो ऐन प्रारम्भ हुनुभन्दा अगावै वहालमा दिईसकेको कुनै घर जग्गाका सम्बन्धमा पहिले त्यस्तो विवरण दाखिल भैसकेको रहेनछ भने यो ऐन प्रारम्भ भएको मितिले साठी दिनभित्र यस उप–दफा बमोजिम विवरण दाखिल गर्न सकिने छ ।

आधिकारिकता सुचना विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप–दफा (१) बमोजिमको विवरण दाखिल नगर्ने कुनै व्यक्ति सो उप–दफा बमोजिम विवरण दाखिल गर्ने कर्तव्य भएको व्यक्ति हो भन्ने शङ्का गर्नुपर्ने कुनै मनासिव कारण भएमा सम्बन्धित कर अफिसरले निजलाई त्यस्तो विवरण दाखिल गर्न आदेश दिन सक्ने छ र सो आदेश प्राप्त भएको मितिले ३५ दिनभित्र उप–दफा (१) बमोजिमको विवरण दाखिल गर्नु त्यस्तो व्यक्तिको कर्तव्य हुनेछ ।

तर, निजले उप–दफा (१)बमोजिम विवरण नै दाखिल गर्न नपर्ने अवस्था रहेछ वा त्यस्तो विवरण पहिले नै दाखिल गरिसकेको रहेछ भने सो कुरा स्पष्ट खोली १५ दिनभित्र सम्बन्धित कर अफिसरलाई लिखित रूपमा सूचना दिनु पर्छ ।

(३) घर जग्गा धनीले आफूले वहालमा दिएको घर जग्गाका सम्बन्धमा आर्थिक वर्ष भुक्तान भएको ६०दिनभित्र प्रत्येक वर्ष तोकिए बमोजिमको विवरण भरी सम्बन्धित कर अफिसरका समक्ष दाखिल गर्नु पर्छ ।

(४) उप–दफा (१), (२) वा (३) बमोजिमको म्यादभित्र सो उप–दफा बमोजिमको विवरण वा सूचना दाखिल गर्नु पर्ने व्यक्तिले सो म्यादभित्र त्यस्तो विवरण वा सूचना दाखिल गर्न नसक्ने कुनै कारण देखाई म्याद थप पाउन सम्बन्धित कर अफिसरका समक्ष निवेदन दिएमा कारण मनासिव देखिए सो कर अफिसरले सो उप–दफाहरूमा लेखिएको म्यादमा बढीमा ३० दिनसम्मको म्याद थप दिन सक्ने छ ।

(५) उप–दफा (१) वा (३) बमोजिम विवरण दाखिल गर्नुपर्ने कुनै व्यक्तिले उप–दफा (४) बमोजिम थप म्याद पाएकोमा सो म्यादभित्र र त्यस्तो थप म्याद नपाएकोमा उप–दफा (१) वा (३) मा लेखिएको म्याद भित्र त्यस्तो विवरण दाखिल नगरेमा निजलाई सम्बन्धित कर अफिसरको आदेशले बढीमा रू. १,०००।– एक हजारसम्म जरिवाना हुन सक्नेछ ।

(६) उप–दफा (१) बमोजिम विवरण दाखिल गर्नु पर्ने कुनै व्यक्तिले उप–दफा (२) बमोजिम आदेश पाएपछि पनि उप–दफा (४) बमोजिम थप म्याद पाएकोमा सो म्यादभित्र र त्यस्तो थप म्याद नपाएकोमा उप–दफा (२) मा लेखिएको म्यादभित्र त्यस्तो विवरण दाखिल नगरेमा निजलाई सम्बन्धित कर अफिसरको आदेशले उप–दफा (५) मा लेखिएको सजायमा थप रू. २,०००।– दुइ हजारसम्म जरिवाना हुनेछ ।

(७) उप–दफा (१) वा (२) बमोजिम विवरण दाखिल गर्नु पर्ने कुनै व्यक्तिले कर छल्ने नियतलिई झुठ्ठा वा अधुरो विवरण दाखिल गरेमा निजलाई सम्बन्धित कर अफिसरको आदेशले बढीमा रू. ५,०००।– पाँच हजारसम्म जरिवाना हुनेछ ।

(८) उप–दफा (२) बमोजिम सूचना दिनु पर्ने कुनै व्यक्तिले उप–दफा (४) बमोजिम थप म्याद पाएकोमा सो म्यादभित्र र त्यस्तो थप म्याद नपाएकोमा उप–दफा (२) मा लेखिएको म्यादभित्र त्यस्तो सूचना नदिएमा निजलाई सम्बन्धित कर अफिसरको आदेशले बढीमा रू. १००।– एक सयसम्म जरिवाना हुन सक्नेछ ।

आधिकारिकता मुद्रण विभाग बाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. करको निर्धारण र दाखिला:– (१) दफा ५ बमोजिम विवरण दाखिल भएपछि सम्बन्धित कर अफिसरले आवश्यक देखिए त्यस सम्बन्धमा जाँचबुझ समेत गरी कर निर्धारण गरी करदातालाई सूचित गर्नेछ ।

(२) उप–दफा (१) बमोजिम कर निर्धारणको सूचना पाएको मितिले ३५ दिनभित्र करदाताले सो करको रकम श्री ५ को सरकारको सर्वसंचित कोषमा दाखिल हुने गरी बैंक भएको ठाउंमा बैंकमा र बैङ्क नभएको ठाउंमा माल अड्डामा दाखिल गर्नु पर्छ ।

७. अग्रीम कर दाखिल गराउन सकिने:– सम्बन्धित कर अफिसरले आवश्यक सम्झेमा दफा ६ को उप–दफा (१) बमोजिम अन्तिम रूपमा कर निर्धारणहुंदा मिलाउने गरी महीना महीनाको हिसावले अग्रीम कर दाखिल गर्न आदेश दिन सक्नेछ र सो बमोजिम अग्रीम कर दाखिल गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ ।

८. न्यायोचित तरीकाबाट करको निर्धारण:– दफा ६ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै घर जग्गाका सम्बन्धमा दफा ५ बमोजिम दाखिल हुनु पर्ने विवरण सो दफा बमोजिम दाखिल नभएमा वा झुठ्ठा वा अधुरो दाखिल भएमा वा दाखिल भएको कुनै विवरण दफा ६ को उप–दफा (१) बमोजिम जाँच बुझ गर्दा सन्तोषजनक नदेखिएमा कर अफिसरले त्यस्तो घर जग्गाका सम्बन्धमा सकभर देहायका कुराहरूको आधारमा न्यायोचित तरीकाबाट कर निर्धारण गर्न सक्नेछ:–

(क) कर सम्बन्धी कर्मचारीको गोप्य रिपोर्ट, यदि छ भने,

(ख) त्यस्तै प्रकारको घर जग्गामा अन्य कर दाताले तिरी आएको कर, यदि छ भने, र

(ग) कर अफिसरले मुनासिव सम्झेका अन्य कुराहरू ।

९. पुनः कर निर्धारण गर्न सकिने:– यो ऐन बमोजिम अन्तिम कर निर्धारण गरिसकेको भए तापनि देहाय बमोजिमको कुनै कारण परेमा सम्बन्धित कर अफिसरले कुनै पनि समयमा श्री ५ को सरकार अर्थ मन्त्रालय कर विभागको स्वीकृतिलिई पुनः कर निर्धारण गर्न सक्नेछ:–

(क) कर निर्धारण गर्दा गणित सम्बन्धी वा अन्य कुनै भूल भएमा, वा

(ख) बढी कर बुझाउनु पर्नेमा घटि कर बुझाएको सबूद प्रमाण प्राप्त भएमा ।

१०. जिन्सीलाई नगदमा परिणत गर्ने:– कुनै करदाताले वहाल बापत जिन्सीलिई घर जग्गा वहालमा दिएकोमा त्यस्तो जिन्सीलाई नगदमा परिणत गर्ने आधार श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोक्न सक्नेछ ।

११. कर फिर्ता दिइने:– कसैले प्रचलित नेपाल कानून बमोजिम तिर्नु पर्ने कर वा जरिवाना भन्दा बढी कर वा जरिवाना दाखिल गरेको रहेछ भने त्यस्तो बढी कर वा जरिवाना सम्बन्धित कर अफिसरले फिर्ता गर्न वा निजबाट असूल गर्नु पर्ने बांकी करमा मिलाउन सक्नेछ ।

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

832

१२. सरकारी बांकी सरह असूल उपर गर्नेः– कुनै करदाताले यो ऐन बमोजिम दाखिल गर्नु पर्ने करको रकम वा जरिवाना म्याद भित्र दाखिल नगरेमा त्यस्ता करदाताबाट त्यस्तो बांकी रहेको करको रकम वा जरिवाना तथा त्यस्को वार्षिक सयकडा ५ का दरले सूद समेत श्री ५ को सरकारले तोकेको अड्डा वा अधिकारीले सरकारी बांकी सरह प्रचलित नेपाल कानून बमोजिम असूल उपर गरिलिने छ ।

१३. कर अफिसरलाई अदालतलाई भए सरहको अधिकारः– यो ऐनको प्रयोजनको लागि कर अफिसरलाई सम्बन्धित करदाता वा साक्षीका नाउंमा समन जारी गर्ने, बयान वकपत्र गराउने र लिखतहरू दाखिल गराउने सम्बन्धमा प्रचलित नेपाल कानून बमोजिम अदालत-लाई भए सरहको सबै अधिकार हुनेछ ।

तर,यस दफा अन्तर्गत कारवाई भएको कुरामा जति पटक गरे पनि जम्मा १५ दिनभन्दा बढी दिनको अर्जि गर्न र म्याद तारेख गुज्रेको मितिले १५ दिनभन्दा बढी ढिलो गरी थमाई माग्न समेत पाउने छैन र एक पटक थामी सकेपछि पुनः म्याद तारेख गुजारेमा सो म्याद तारेख थामिने छैन ।

१४. कर अफिसरले आफ्नो अधिकार सुम्पन सक्नेः– (१) दफा ८ र दफा १३ अन्तर्गतको अधिकार बाहेक कर अफिसरले यो ऐन बमोजिम प्राप्त अन्य अधिकार सम्पूर्ण वा आंशिक रूपले आफू मातहतका खरदारसम्मका कर्मचारीलाई सुम्पन सक्नेछ ।

तर, त्यसरी अधिकार सुम्पिएका कर्मचारीले सो अधिकारको प्रयोग गर्दा कसैलाई सजाय गर्न पाउने छैन ।

(२) उप–दफा (१) बमोजिम अधिकारप्राप्त गर्ने कर्मचारीले गरेको काम कारवाई कर अफिसरले गरे सरह मान्य हुनेछ ।

१५. कर छुट दिन सकिनेः– यो ऐन वा प्रचलित नेपाल कानून बमोजिम लाग्ने कर कुनै कर-दाताको सम्बन्धमा आंशिक वा पूर्ण रूपले नलाग्ने गरी श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी छुट दिन वा माफ् गर्न सक्नेछ ।

१६. अपीलः– (१) यो ऐन बमोजिम कर अफिसरले रू. १००।– एक सय भन्दा बढी जरि-वाना गरेको वा जति सुकै भएपनि कर तिर्नु पर्ने गरी दिएको आदेशमा चित्त नबुझने व्यक्तिले सूचना पाएको ३५ दिनभित्र स्थानीय अञ्चलाधीशका समक्ष अपील गर्न सक्नेछ ।

(२) सम्बन्धित अञ्चलाधीशबाट उप–दफा (१) बमोजिम भएको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले सो निर्णयको सूचना पाएको मितिले ६० दिनभित्र आय र कर अदालतमा अपील गर्न सक्नेछ ।

(३) उप–दफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि आफूलाई लाग्ने ठहरिएको करको रकम र जरिवाना बापतको रूपैयाँ धरौट वा त्यति अङ्कको धन

आधिकारिकता मुद्रण विभाग ~~बाट~~ प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जमानी सम्बन्धित कर अड्डा वा सम्बन्धित कर अफिसरले तोकेको अड्डामा नराखेसम्म सो उप–दफाहरू बमोजिम अपील लाग्न सक्ने छैन ।

(४) अन्य प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उप–दफा (१) वा (२) बमोजिम लाग्न सक्ने अपीलको निमित्त कुनै किसिमको थप म्याद पाउने वा दिइने छैन ।

१७. कागज पत्र गोप्य रहनेः– यो ऐन बमोजिम कर अड्डामा दाखिल भएका कागजपत्रहरू गोप्य राखिने छ । ती कागज पत्रहरू कर सम्बन्धी कारवाईलाई बाहेक अन्य कामलाई प्रकाश गरिने छैन ।

१८. अन्य रकम दस्तूर नलाग्नेः– प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐनको प्रयोजनका लागि नगद दाखिल गर्दा टिकट दस्तूर केही लाग्ने छैन ।

१९. सांचो सूचना दिनेलाई इनामः– यो ऐन बमोजिम लाग्ने कर कसैले छलेको भए सो कुरा खुलाई लिखित सूचना सम्बन्धित कर अफिसरलाई दिने व्यक्तिलाई सो कुरा ठहर भएपछि सो सूचनाको जरियाबाट असूल भएको करको २० प्रतिशत ईनाम स्वरूप श्री ५ को सरकारले दिने छ ।

२०. नियम बनाउने अधिकारः– यो ऐनको उद्देश्य पूर्ति गर्न श्री ५ को सरकारले नियमहरू बनाउन सक्ने छ ।

२१. बचाउः– यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरूमा लेखिएको कुरामा यसै बमोजिम र नलेखिएको कुरामा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

लालमोहर सदर मिति २०२३।५।२४।६

आज्ञाले–
प्रद्युम्नलाल राजभण्डारी
श्री ५ को सरकारको सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।